# प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्री

**Inspector General of Police Shailesh Thapa Kshetri**

Chief of Nepal Police

**प्रहरी प्रधान कार्यालय,**
नक्साल, काठमाडौं, नेपाल ।

**Police Headquarters,**
Naxal, Kathmandu, Nepal


## शुभकामना

नेपाल प्रहरीका सकल दर्जाका उर्जाशील प्रहरी अधिकृत तथा जवानहरू, सेवानिवृत्त प्रहरी कर्मचारीहरू, प्रहरी परिवार तथा अमर प्रहरीका समादरणीय परिवारजनमा ६६ औं "प्रहरी दिवस २०७८" को पावन अवसरमा व्यावसायिक सफलता, व्यक्तिगत तथा पारिवारिक सुख, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु ।

कर्तव्यको बलिवेदिमा अमर सपूतहरूको निस्वार्थ बलिदानलाई स्मरण गर्दै हामी आज संगठनको विधिवत् स्थापनाको ऐतिहासिक दिन मनाइरहेका छौं । यस अवसरमा देश र नागरिकको सेवामा निष्ठापूर्वक जिम्मेवारी बहन गर्न आफ्नो जीवन समर्पण गर्नु हुने नेपाल प्रहरीका अमर सपूतहरूको अतुलनीय योगदानको स्मरण गर्न चाहन्छु । प्रहरी दिवसको यस पवित्र घडीमा प्रातः स्मरणीय ती वीर अमर प्रहरीहरूप्रति संगठनको तर्फबाट भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । शोकसन्तप्त परिवारजनमा धैर्य धारणा गर्ने शक्ति मिलोस् भन्ने कामना सहित परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछु । कर्तव्यपालनाको सिलसिलामा शहादत प्राप्त गर्नुभएका प्रहरी कर्मचारी र शोकसन्तप्त परिवारको हक, अधिकार र सम्मानका खातिर संगठन प्रमुखको रूपमा म सदैव अडिग रहने प्रतिबद्धता व्यक्त गर्दछु । यसैगरी, कर्तव्य पालनाको क्रममा शारीरिक एवं मानसिक क्षति व्यहोर्न पुगेका प्रहंरी कर्मचारीहरूको शीघ्र स्वास्थ्य लाभको कामना समेत गर्दछु ।

आफ्नो स्थापनाकालदेखि विभिन्न आरोह अवरोहसँगैका परिवर्तनहरूलाई आत्मसात् गर्दै संगठनलाई शान्ति सुरक्षा तथा नागरिक सेवाको पर्याय बनाउनु हुने अग्रजहरूप्रति कृतज्ञ हुँदै ईमान्दारितापूर्वक जनताको सेवाका खातिर बगाउनु भएको रगत पसिनाको उच्च सम्मान गर्दछु ।

सबै किसिमका चुनौतीहरूलाई संगठनका निमित्त गौरव गाथामा बदल्न सक्ने साहस र क्षमता हाम्रा सकल दर्जासँग छ । संगठनको लक्ष्यलाई साकार तुल्याउन तमाम सदस्यहरु निष्ठावान् रही कर्मक्षेत्रमा अझ दृढतापूर्वक प्रस्तुत हुनेमा म विश्वस्त छु । संगठनबाट प्रदान गरिने सेवाहरु जनमुखी, पारदर्शी, स्वच्छ एवं छिटो छरितो र प्रभावकारी ढंगबाट उपलब्ध गराउन सकेमा मात्र सर्वसाधारणमा प्रहरी प्रतिको विश्वासमा अभिवृद्धि हुनेछ भन्ने मेरो विश्वास रहेको छ । ६६ औं प्रहरी दिवसको विशेष अवसरमा यसै यथार्थलाई हृदयंगम गरी नागरिक प्रहरीको रूपमा सांगठनिक छवि विस्तारमा केन्द्रित रहन सम्पूर्ण प्रहरी अधिकृत तथा जवानहरूलाई निर्देशित गर्दछु ।

अन्त्यमा, ६६ औं प्रहरी दिवसको पावन अवसरले सकल दर्जाका प्रहरी कर्मचारीहरुलाई आगामी दिनमा थप व्यावसायिक एवं जवाफदेही बन्ने उर्जा दिओस र आफ्नो कार्यक्षेत्रमा अहोरात्र परिचालित हुन थप प्रेरणा मिलोस् भन्ने सांगठनिक प्रण सहितको कामना व्यक्त गर्दछु ।

धन्यवाद, जय नेपाल ।

प्रहरी महानिरीक्षक
(शैलेश थापा क्षेत्री)

**मिति २०७८ असोज २० गते ।**


पोष्ट बक्स नं. ४०७, कार्यालय: ९७७-१-४४१२७३७, ४४१२४३२, फ्याक्स: ९७७-१-४४१५५९३
ईमेल: shailesh@nepalpolice.gov.np/phqigs@nepalpolice.gov.np, वेबसाइट: https://www.nepalpolice.gov.np,
प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौं ।